Email: gaidahawagaupalika@gmail.com
Website: gaidahawamun.gov.np

# गैडहवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गैडहवा-३ विष्णुपुरा, रुपन्देही

प.स:०७६/०७७ मितिः२०७६।११।१८

च.नं/प्रशासन/ १५२९०

विषयः कार्यान्वयन गर्न गराउनु हुन ।

श्री वडा कार्यालय (सबै)

प्रस्तुत विषयमा यस गैडहवा गाउपालिका गाउकार्यपालिकाको मिति २०७७/०१/१७ गते बसेको बैठकको निर्णय तपसिल बमोजिम रहेको छ ।सोको कार्यान्वयन गर्न गराउन अनुरोध छ ।

यस गैडहवा गाउँपालिकामा उत्पादन भएका कृषि उत्पादन र तरकारी बेचबिखन, उपयोग र उपभोग तथा यस गा.पा.मा आयत तथा निर्यातको लागि देहाय बमोजिम गर्ने निर्णय गरियो ।

१.क).गैडहवा गा.पा.मा उत्पादन भएको तरकारी एवम माछा गैडहवा गा.पा.भित्र नै खपत गर्ने गरी प्रत्येक टोलमा सामाजिक दुरी कायम गरी विहान ८:०० बजे देखि दिउँसो ४:०० बजे सम्म प्रत्येक टोल र वडामा विक्रि वितरणको लागि व्यवस्था मिलाउने ।

ख).त्यस्तो तरकारी एवम माछा ढुवानी गर्न गा.पा.बाट कृषि एम्बुलेन्सको अनुमति तथा पास उपलब्ध हुने ।

ग) तरकारी बेच्न चाहने तरकारी विक्रेताले वडाले तोकेको निश्चित स्थानमा विहान ८:०० बजे देखि दिउँसो ४:०० बजे सम्म तरकारी बेचविखन गर्न सक्ने र ठेला, साईकल, रिक्सा, हात्ती गाडीमा गाउँगाउँमा डुलाएर बेचबिखन गर्न चाहने बिक्रेताले अनुमति पास लिई बेचविखन गर्न दिने ।

घ)कृषि उत्पादन बाहिरको पालिकामा निर्यात गर्न सैनामैना न.पा., बुटवल उ.म.न.पा., तिलोत्तमा न.पा. लगायतका पालिका (स्थानीय तह) लाई गैडहवा गा.पा.मा उत्पादन भएको कृषि उत्पादनको थोक बिक्रि गर्ने स्थान तोकिदिन पत्रचार सहित आग्रह गर्ने र अध्यक्ष मार्फत तोकिएको स्थानको अनुमति लिने ।

ङ)त्यसरी स्थानीय तहबाट स्थानको अनुमति प्राप्त भएमा सो अनुमति पत्र र गैडहवा गा.पा.ले समेत अनुमति दिएर सो स्थान सम्म कृषि एम्बुलेन्स मार्फत ढुवानीको व्यवस्था गर्ने र दुवै पालिकाको अनुमति प्राप्त बिक्रेताले सम्वन्धित स्थानीय तहको ऐन कानुन नियमको पालना गर्नुपर्ने ।

च)गैडहवामा उत्पादित तरकारी एवम माछा निर्यातको लागि कुनै पनि ठेकेदार वा व्यक्तिले खरिद गरी लिन चाहेमा कृषि एम्बुलेन्स मार्फत रुपन्देही भित्र लैजान अनुमति तथा पास उपलब्ध गराउने ।

छ) यसरी उत्पादित तरकारी माथि व्यवस्था गरिए बमोजिम खपत हुन नसके बढीमा असार सम्मको लागि कोल्ड स्टोरमा राख्ने व्यवस्था मिलाउने र सो को लागि लागत साझेदारीमा निश्चित रकम कृषकहरुलाई अनुदानको रुपमा उपलब्ध गराउने ।

ज) माथि लेखिए बमोजिमका कार्यका लागि पास अनिवार्य गर्ने र अनुमति तथा पास बिना कुनै पनि गतिविधि गर्न नपाइने ।

झ) माथि लेखिए बमोजिम बिक्री वितरण गर्दा कोरोना भाइरस नियन्त्रण, रोकथाम, लकडाउन र सामाजिक दुरी जस्ता व्यवस्था, बिक्री बितरणका लागि तोकिएको समय, गैडहवा गा.पा. र सम्बन्धित स्थानीय तहको कानून तथा संघीय सरकार र प्रदेश सरकारको कानूनको व्यवस्थालाई अनिवार्य पालना भएको हुनुपर्नेछ अन्यथा प्रचलित कानून बमोजिम कारवाही गरिने ।

२. लकडाउन र सामाजिक दुरी कायम राखी यस गैडहवा गाउंपालिकामा व्यक्तिगत घरगोठ निर्माणको लागि ५ जना भन्दा बढी उपस्थित नहुनेगरी स्थानीय श्रमिक प्रयोग गरी निर्माणको लागि अनुमति दिने र घर गोठमा माटो पटान गर्न जे.सि.वि. प्रयोग गर्न दिने र कृषि कार्यक्रम अन्तर्गत माछा पोखरी निर्माणको लागि सामाजिक दुरी कायम गरी प्रति पोखरी एउटा मात्र जे.सी.भी. प्रयोग गरी पोखरी निर्माण गर्ने र सो पोखरीबाट निस्केको माटो आफ्नो खेतबारी बाहेक अन्यत्र लैजान नपाउने गरी आफ्नै खेतबारीमा व्यवस्थापन गर्ने गरी अनुमति दिने र सो अनुमति वडाबाट दिने निर्णय गरियो ।

३. यस गैडहवा गाउपालिकाका टोल विकास संस्थाका प्रतिनिधि विपद व्यवस्थापन समितिका प्रतिनिधि र स्वयमसेवकलाई परिचयपत्र उपलब्ध गराउने निर्णय गरियो ।

४. यस गैडहवा गाउपालिकामा सबै वडाले वितरण गरेको राहत सामाग्रीको भरपाई गा.पा.मा पठाउने र छुट भएका विपन्न घर परिवारको लागत वडास्तरीय विपद व्यवस्थापन समितिबाट निर्णय गराई मिति २०७७।०१।१९ गते सम्म पठाउने निर्णय गरियो ।

५. यस गैडहवा गाउपालिकामा सामाजिक सुरक्षा प्राप्त गर्ने सामाजिक सुरक्षा लाभाग्राहीहरुलाई घरघरमा गई भत्ता वितरणको लागि बैंकलाई अनुरोध गर्ने निर्णय गरियो ।

६. यस गा.पा.मा कार्यरत सम्पुर्ण कर्मचारी मध्ये बाहिर घर भएका र बाहिर गएका कर्मचारीहरु बाहेक सबै कर्मचारीहरुलाई कार्यालयमा उपस्थित हुन लगाउने र अत्यावश्यक सेवा प्रदान गर्न लगाउने ।

०७७।१।१९

नि. प्रमुख प्रशासकिय अधिकृत